# कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको वादविवादलेखन क्षमताको अध्ययन

त्रिभुवन विश्वविद्यालय स्वर्गद्वारी बुहमुखी क्याम्पस
शिक्षाशास्त्र सङ्कायअर्न्तगत नेपाली भाषा
शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो
वर्षको नेपा.शि. ५९८ पत्रको
प्रयोजनका लागि प्रस्तुत
शोधपत्र

शोधार्थी
चन्द्रप्रसाद पोखेल
क्याम्पस रोल नं. २४/०६७
दोस्रो वर्ष परीक्षा अनुक्रमाङ्क: ३१९००२२/०६८
त्रि.वि. रजिस्टेसन नं. ६-१-५४-११५-९७
नेपाली भाषा शिक्षा विभाग
शिक्षाशास्त्र सङ्काय
स्वर्गद्वारी बहुमुखी क्याम्पस
प्युठान
२०६९

त्रिभुवन विश्वविद्यालय

## स्वर्गद्वारी बहुमुखी क्याम्पस

प्युठान


## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअर्न्तगत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह द्वितीय वर्षका छात्र श्री चन्द्रप्रसाद पोखेलले **कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको वादविवादलेखन क्षमताको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

शोध निर्देशक

.......................

(उप.प्रा.रामकृष्ण शर्मा)

नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र सङ्काय स्वर्गद्वारी बहुमुखी क्याम्पस

प्युठान

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय

स्वर्गद्वारी बहुमुखी क्याम्पस

प्युठान

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्वर्गद्वारी बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागअर्न्तगत स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ पत्रको प्रयोजनका लागि शोधार्थी श्री चन्द्रप्रसाद पोखेलद्वारा तयार पारिएको **कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको बादबिबादलेखन क्षमताको अध्ययन** शीर्षकको शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

शोध मूल्याङ्कन समिति

**क्र.सं. नाम** **हस्ताक्षर**

१. **रामकृष्ण शर्मा** (विभागीय प्रमुख तथा शोध निर्देशक) ................................

२. **प्रा.डा. पारसमणि भण्डारी** (बाह्य परीक्षक) ..............................

मिति : जुलाइ १७, २०१३

# कृतज्ञता ज्ञापन

**कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको वादविवादलेखन क्षमताको अध्ययन** शीर्षकमा प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा । शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पत्रको प्रयोजनका लागि तयार पारेको हुँ । प्रस्तुत शोधपत्र मैले आदरणीय गुरू रामकृष्ण शर्मा ज्यूका निर्देशनमा तयार पारेको छु । आफ्नो अति व्यस्त समयका कारण मलाई कुशल निर्देशन र आवश्यक सल्लाह र सुझाव दिनुहुने शोधनिर्देशन गुरू उप प्रा रामकृष्ण शर्मा ज्यूमा श्रद्धापूर्वक हृदयदेखि नै आधार प्रकट गर्न चाहन्छु । त्यसैगरी शोधकार्यलाई आधिकारिक रूपमा अगाडि बढाउने शोध प्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी प्रस्तुत शीर्षकमा शोधकार्य गर्न अनुमति दिनुहुने स्वर्गद्वारी बहुमुखी क्याम्पस नेपाली भाषा विषय समिति प्रति हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा शीर्षक चयनदेखि लिएर शोधपत्रको अन्तिम रूप दिने कार्यसम्म सहयोग पुऱ्याउने नेपाली भाषा शिक्षा विभाग बुटवल बहुमुखी क्याम्पसको गुरु उप प्रा शालिकराम पौड्याल लगायतका विभागका सम्पूर्ण गुरु तथा गुरुआमाप्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु ।

जीवनका विभिन्न अप्ठ्यारा परिस्थितिसँग सङघर्ष गर्दै मेरो अध्ययन कार्यलाई यहाँसम्म ल्याउन आफ्नो तन, मन, धन खर्च गरी सधै पढ्न सल्लाह सुझाव र हौसला प्रदान गर्नुहुने आदरणीय पिता जीवराज शर्मा र माता लक्ष्मीदेवी शर्माप्रति म हृदयदेखि नै आभार प्रकट गर्दै उहाँहरूप्रति आजीवन ऋणि छु । शोधकार्यलाई सहज रूपमा पूरा गर्न हरपल घच्घच्याइरहने र पूर्ण रूपमा सहयोग गर्ने श्रीमती मधा पोखेलप्रति हार्दिक आभार प्रकट गर्दछु । यसै गरी यहाँनेर छोराछोरी सन्देश, कविता र सन्ध्यालाई पनि नसम्झिरहन सक्दैन ।

प्रस्तुत शोधपत्र तयार गर्न प्रत्यक्ष तथा परोक्ष रूपमा गणितीय तथ्याङ्क अथवा प्रतिशताङ्क निकाल्नमा सहयोग गर्नुहुने आत्मीय मित्र हरि जि.सी.लगायत सम्पूर्ण शुभ चिन्तकहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरी अनुसन्धानका लागि विद्यार्थी उपलब्ध गराई आवश्यक सहयोग पुऱ्याउने प्रतिनिधि विद्यालयका प्रधानाध्यापक तथा प्रिन्सिपल र विद्यालय परिवारलाई धन्यावाद दिन चाहन्छु । अन्त्यमा छिटो, छरितो र शुद्ध रूपमा टङ्कण गरिदिनु हुने एभरेस्ट कम्प्युटर इन्स्टिच्युक बाग्दुलाका प्रोप्राइटर श्री जेदु एम.सी. लाई धन्यावाद दिन्छु । शोधपत्रको समुचित मूल्याङ्कनका लागि नेपाली विषय समिति समक्ष प्रस्तुत गर्दछु ।



शोधार्थी

मितिः २०७० असार २०

......................

चन्द्रप्रसाद पोखेल

नेपाली भाषा शिक्षा विभाग

स्वर्गद्वारी बहुमुखी क्याम्पस

प्युठान

# शोधसार

शोधशीर्षक : कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको वादविवादलेखन क्षमताको अध्ययन

शोधार्थी : चन्द्रप्रसाद पोखेल

शोध निर्देशक : रामकृष्ण शर्मा

विभाग/क्याम्पसः नेपाली भाषा शिक्षा विभाग शिक्षाशास्त्र सङ्काय स्वर्गद्वारी बहुमुखी क्याम्पस प्युठान

शैक्षिक वर्ष : २०६७/०६८

**शोध प्रक्रिया**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत एम.एड् नेपा. शि ५९८ पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

प्युठान जिल्लामा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको वादविवादलेखन क्षमता कस्तो छ ? सामुदायिक र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा वादविवादलेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ । लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरूको वादविवादलेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ? भनी त्यसको स्थिति पत्ता लगाउनु । विद्यार्थीहरूमा वादविवादलेखनसम्बन्धी के कस्ता कमीकमजोरी रहेका छन् पहिचान गनु, अनि कमी कमजोरीहरू निराकरण गर्न आवश्यक सल्लाह, सुझाव दिने उद्देश्यमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

प्रस्तुत शोधको विषय विद्यार्थीहरूसँग सम्बन्धित भएकाले विद्यार्थीहरूलाई नै केन्द्रबिन्दु बनाई नमुना सर्वेक्षण विधिबाट यस अध्ययनलाई अगाडि बढाइएको छ । यस अध्ययनलाई अगाडि बढाउन प्युठान जिल्लाभित्रका ३ वटा सरकारी र ३ वटा निजी विद्यालयबाट १०/१० जनाका दरले ६० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा चयन गरिएको छ । यसरी शोधकार्य मूलतः क्षेत्रीय सामग्री सङ्कलन विधि मा रहेको छ । विश्लेषणका क्रममा पुस्तकालय विधिलाई पनि उपयोगमा ल्याइएको आधारित रहेर अध्ययन अनुसन्धान गरिएको छ । उपलब्ध तथ्याङ्को वस्तुगत अध्ययनका लागि समूहगत मध्यमान (mean), मानक विचलन (Standard deviation), प्रतिशताङक (Percetntile), श्रेणी निर्धारण गरी विद्यार्थीहरूको वादविवादलेखन क्षमताको पहिचान गरिएको छ । समूहगत विद्यार्थीहरूको वादविवादलेखन क्षमताको तुलना गर्न (z-test) जेड परीक्षणलाई उपयोगमा ल्याइएको छ ।

**शोधनिष्कर्षलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ ।**

- कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको वादविवादलेखन क्षमता उच्च स्तरको नरहेको देखिन्छ । यस अध्ययनबाट ७५ प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या जम्मा १६.६७ प्रतिशत मात्र देखिनुले यस कुराको पुष्टि गरेको छ । (हे.ता.नं. १) ।
- सामुदायिक र निजी विद्यालयका विद्यार्थीहरूको वादविवादलेखन क्षमताको तुलना गर्दा सरकारी विद्यालयका विद्यार्थीहरूको वादविदवाद लेखन क्षमता उच्च रहेको देखिन्छ । यस अध्ययनमा ७५ प्रतिशत भन्दा बढि अङ्क प्राप्त गर्ने विद्यार्थीहरू निजी विद्यालयमा १० प्रतिशत र सरकारी विदालयमा २३.३३ प्रतिशत देखिनुले यी कुराको पुष्टि गर्छ । ( हे.ता.नं.३ र ५)
- लैङ्गिकताका आधारमा छात्र तथा छात्रा समूहका विद्यार्थीहरूको वादविवादलेखन क्षमता तुलना गर्दा सरकारी विद्यायका छात्राहरूको तुलनामा निजी विद्यालयका छात्राहरूको स्थिति कमजोर रहेको देखिन्छ । यस अध्ययनमा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने निजी विद्यालयका छात्राहरू ४६.६७ प्रतिशत र सरकारी विद्यालयका छात्राहरू ५३.३३ प्रतिशत मात्र हुनाले यो कुराको पुष्टि गर्दछ । त्यसै गरी सरकारी विद्यालयका छात्रहरूभन्दा सरकारी विद्यालयका छात्राहरूको स्थिति सुधारात्मक देखिन्छ । यस अध्ययनमा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने सरकारी विद्यालयका ४६.६७ प्रतिशत र निजी विद्यालयका विद्यार्थीहरू ७३.३३ प्रतिशत हुनुले यो कुराको पुष्टि गर्दछ । ( हे.ता.नं.८ र १०)
- सम्बोधन, विषयप्रवेश विषयवस्तुको तर्कपूर्ण प्रस्तुति, मौलिकता खण्डनमण्डन भाषिक शुद्धताजस्ता यी  विभिन्न पक्षहरू वादविवादका अनिवार्य तत्वहरू हुन् । यी सम्पूर्ण पक्षका बारेमा विद्यार्थीहरूलाई राम्रोसँग ज्ञान नभएको तथ्य प्रस्तुत अध्ययनले देखाएको छ ।

# विषयसूची

पेज नं.

## परिच्छेद-एकः शोध परिचय


१.१ शोध शीर्षक १

१.२ शोध प्रयोजन १

१.३ समस्या कथन १

१.४ शोधका उद्देश्यहरू ३

१.५ पूर्वकार्यको समीक्षा ३

१.६ शोधको औचित्य ६

१.७ शोधको सीमाङ्कन ७

१.८ शोध विधि ८

१.९ शोधको रूपरेखा ८


## परिच्छेद-दुईः वादविवादको सैद्धान्तिक अवधारणा


२.१ पृष्ठभूमि १०

२.२ परिचय ११

२.३ परिभाषा १२

२.४ वादविवादलेखने तरिका १३

२.५ वादविवादका मुख्य पक्षहरू १४

२.५.१ विषयवस्तु १४

२.५.२ भाषाशैली १५

२.५.३ प्रस्तुति १५

२.५.३.१ पहलो चरणः सम्बोधन १५

२.५.३.२ दोस्रो चरणः परिचय १५

२.५.३.३ तेस्रो चरण : खण्डन १५

२.५.३.४ चौथो चरण मण्डन (आफ्नो तर्क) १६

२.५.३.५ पाँचौ चरणः उपसंहार १६

२.६ भाषा पाठ्यक्रम, भाषा, पाठ्यपुस्तक र भाषिक सिप १६

२.६.१ भाषा पाठ्यक्रम १६

२.६.२ भाषा पाठ्यपुस्तक १७

२.६.३ भाषिक सिप १७

२.७ लेखाइ शिक्षणको आवश्यकता र महत्व १८

२.८ विद्यालय तहमा वादविवाद शिक्षणको प्रयोजन २०

२.९ माध्यमिक तहका पाठ्यक्रमहरूमा वादविवादको स्थान २१

२.१० सारांश २४


## परिच्छेद-तीनः अध्ययन विधि


३.१ परिचय २५

३.२ जनसङ्ख्याको पहिचान २६

३.३ प्रतिनिधि नमुना २६

३.४ सामग्री निर्माण २७

३.५ तथ्याङ्क सङ्कलन २७

३.६ व्याख्या, विश्लेषण र प्रस्तुतीकरण २८

३.७ सारांश ३०


## परिच्छेद-चारः व्याख्या र विश्लेषण


४.१ परिचय ३१

४.२ समग्र विद्यार्थीहरूको वादविवादलेखन क्षमताको स्थिति ३१

४.२.१ समग्र विद्यार्थीहरूको वादविवादलेखन क्षमताको प्रतिशताङ्क स्थितिः ३१

४.२.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको ३२

४.३. सरकारी विद्यालयका समग्र विद्यार्थीहरूको वादविवादलेखन क्षमताको स्थिति ३३

४.३.१ सरकारी विद्यालयका समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति

वादविवादलेखन क्षमताको स्थिति ३३

४.३.२ मध्यमान र मानक विचलनका आधारमा सरकारी विद्यालयका विद्यार्थीहरूको वादविवादलेखन क्षमताको स्थितिः ३४

४.४ निजी विद्यालयका समग्र विद्यार्थीहरूको वादविवादलेखन क्षमताको स्थिति ३५

४.४.१ निजि विद्यालयका समग्र विद्यार्थीहरूको वादविवादलेखन क्षमताको प्रतिशताङ्क स्थितिः ३५

४.४.२ मध्यमान र मानक विचलनका आधारमा निजी विद्यालयका विद्यार्थीहरूको वादविवादलेखन क्षमताको स्थितिः ३६
४.५ सरकारी तथा निजी विद्यालयका छात्रा विद्यार्थीको वादविवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति ३६
४.५.२ मध्यमान र मानक विचलनका आधारमा निजी तथा सरकारी विद्यालयका छात्राहरूको वादविवाद लेखक क्षमताको स्थिति ३८
४.६ सरकारी तथा निजी विद्यालयका छात्र विद्यार्थीको वादविवादलेखन क्षमताको स्थिति ३९
४.६.१ सरकारी तथा निजी विद्यालयका छात्र विद्यार्थीको वादविवादलेखन क्षमताको प्रतिशताङ्क स्थिति ३९
४.६.२ निजी तथा सरकारी विद्यालयका छात्रहरूको वादविवादलेखन क्षमताको मध्यमान र मानक विचलन स्थिति ४०
४.७ सारांश ४१

## परिच्छेद-पाँच

५.१ तुलनात्मक विश्लेषण ४३
५.१.१ सरकारी विद्यालय र निजी विद्यालयका विद्यार्थीहरूको वादविवादलेखन क्षमताको तुलना ४३
५.१.२ लैङ्गिकक आधारमा छात्र र छात्रा विद्यार्थीको वादविवादलेखन क्षमताको तुलनात्मक स्थिति ४४
५.१.३ सारांश ४५

## परिच्छेद-६: निष्कर्ष र सुझाव

६.१. निष्कर्ष ४६
६.२ सुझावहरू ४८
६.३ वादविवादको शैक्षणिक प्रयोजन ५०
केही सम्भावित शोध प्रस्तावहरूः ५१
सन्दर्भग्रन्थ सूची
परिशिष्ट

# सङ्क्षीप्तीकृत सूची

| | |
|---|---|
| नेपा.शि | नेपाली भाषा शिक्षा |
| क्र.सं. | क्रम सङ्ख्या |
| त्रि.वि | त्रिभुवन विश्वविद्यालय |
| प्रा. | प्राध्यापक |
| डा. | डाक्टर |
| सह.प्रा | सहायक प्राध्यापक |
| उप.प्रा | उपप्राध्यापक |
| ने.वृ.श. | नेपाली बृहत् शब्दकोश |
| प्र.ने.श. | प्रयोगात्मक नेपाली शब्दकोश |
| पृ | पृष्ठ |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पा.वि.के. | पाठ्यक्रम विकास केन्द्र |
| हे. | हेर्नुहोस् |
| ता | तालिका |
| ने.भा.शि.वि | नेपाली भाषा शिक्षा विभाग |
| प.नि.का | परीक्षा नियन्त्रण कार्यालय |
| सम्पा. | सम्पादक |
| दो.सं. | दोस्रो सस्करण |
| छै.सं. | छैटौं सस्करण |
| प्रा.लि | प्राइभेट लिमिटेड |
| एस्.एल्.सी. | स्कुल लिभिङ सर्टिफिकेट |

## शोधप्रतिवेदनमा प्रयोगमा आएका अङग्रेजी शब्दसूची

| | |
|---|---|
| Mean | मध्यमान |
| Standard Deviation | मानक विचलन |
| Percentile | प्रतिशताङ्क |